मिति २०७७।०८।२६ गते शुक्रबारको **"आर्थिक राष्ट्रिय दैनिक"** मा प्रकाशित

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

वर्ष ११ ◆ अङ्क ३२५६ ◆ २०७७ मंसिर २६ गते शुक्रबार ◆ ने.सं. ११४१ ◆ पृष्ठ ८ ◆ Friday, December 11, 2020

परिसर भक्तपुर र महानगरीय प्रहरी वृत्त मध्यपुर ठिमीको सहकार्यमा

वर्षीय आशिष गिरीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको

४१ हजार पाँच सय रुपैयाँ बरामद भएको थियो ।

# पुनः सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७।०८।२६

यस मध्य भोटेकोशी जलविद्युत कम्पनीअन्तर्गत निर्माणाधीन मध्य भोटेकोशी जलविद्युत आयोजनाको बाह्रबिसे न.पा. ५, सिन्धुपाल्चोक स्थित कार्यालयलगायत क्याम्प क्षेत्रमामिति २०७७।१०।०१ गतेदेखि एक बर्ष अवधिको लागि इन्टरनेट सेवा उपलब्ध गराउने कार्यका लागि सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक इन्टरनेट सेवा प्रदायक कम्पनीहरूबाट मिति २०७७।०८।१०गते प्रकाशित सूचनाअनुसार सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएकोमा तोकिएको मितिसम्ममा दरभाउ-पत्र प्राप्त नभएकोले पुनः सिलबन्दी दरभाउ-पत्र आह्वान गरिन्छ । दरभाउ-पत्र फारामको लागि रू.१०००।- (एक हजार मात्र) यस कम्पनीको एभरेष्ट बैंक लि.मा रहेको चल्ती खाता नं. ००२००१०५२००३१३ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गरी यस कम्पनीको कर्पोरेट कार्यालय, महाराजगञ्ज, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ । उक्त दरभाउ-पत्र रीतपूर्वक भरी बिडबण्ड जमानतबापत आफूले कबोल गरेको रकमको कम्तीमा २.५% (साढे दुई प्रतिशत)ले हुन आउने रकम माथि उल्लिखित बैंक खातामा नगदै जंम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकमबराबरको कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि रहेको नेपालस्थित कुनै वाणिज्य बैंकबाट यस कम्पनीको पक्षमा जारी गरेको बैंक जमानत संलग्न गरी सम्बन्धित कम्पनीको आधिकारिक दस्तखत गरी छाप लगाई कम्पनी दर्ता तथा इजाजत एवं कर चुक्तालगायतका कागजातहरु संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस कम्पनीको कर्पोरेट कार्यालयमा दर्ता गर्न सकिनेछ । रीतपूर्वक प्राप्त हुन आएका सिलबन्दी दरभाउ-पत्रहरु सोही दिनको २:०० बजे दरभाउ-पत्रदाताहरूको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउ-पत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि उक्त सिलबन्दी दरभाउ-पत्रहरु खोल्न बाधा परेको मानिनेछैन । दरभाउ-पत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनको सोही समयलाई मानिनेछ ।

MBKJCL
**मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.**
**कर्पोरेट कार्यालय, महाराजगञ्ज, काठमाडौं ।**
फोनः ०१-४७२१६४१ र ४७२१६४२